REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs. 09.10.2025

सांसद इन्द्र हाङ सुब्बा भोलि पाक्योङमा हुने कोहोर्ट कार्यक्रममा सहभागी हुने

सांसद श्री इन्द्र हाङ सुब्बा भोलि बिहान 10 बजे पाक्योङको यात्तेनमा आयोजना हुने भएको सिक्किममा उद्यमशीलता बढाउने कोहोर्ट कार्यक्रममा सहभागी हुनेछन्।

नोमाड सिक्किमसँगको सहकार्यमा जिल्ला प्रशासन पाक्योङले आय़ोजना गरेको यो कार्यक्रम सिक्किमको उद्यमशीलता पारिस्थितिकी तंत्रलाई सुदृढ पार्ने र मुख्यमन्त्रीको दूरदर्शी पहल – 'एक परिवार एक उद्यमी' लाई अगाड़ि बढाउने उद्देश्यले गरिएको पहिलो कोहोर्ट कार्यक्रम हो।

EPFO ले तादोङमा पत्रकार सम्मेलन आयोजना गर्यो।

श्रम तथा रोजगार मन्त्रालय अन्तर्गतको कर्मचारी भविष्य निधि संगठनले आज गान्तोकको तादोङमा पत्रकार सम्मेलन आयोजना गर्यो।

सम्मेलनको उद्देश्य रोजगारदाता तथा कर्मचारी पंजीकरण प्रवर्द्धन योजना (SPREE) 2025 को बारेमा जागररूकता फैलाउनु थियो, यो अपंजीकृत कर्मचारीहरू र सबै योग्य कर्मचारीहरूलाई ESIC मा स्व- पंजीकरण प्रोत्साहित गर्न ESIC द्वारा गरिएको एक पटकको विशेष पहल हो। यसको अवधि 1 जुलाई देखि 31 डिसेम्बर, 2025 सम्म हो।

अमरीश कृष्ण शर्मा, अतिरिक्त आयुक्त तथा क्षेत्रीय निर्देशक, ESIC क्षेत्रीय कार्यालय, सिक्किम र पश्चिम बंगाल र बीमा आयुक्त प्रणय सिन्हा सम्मेलनमा उपस्थित थिए।

SPREE 2025 का फाईदाहरूबारे बोल्दै ESIC क्षेत्रिय कार्यालय पश्चिम बंगाल र सिक्किमका उप निदेशक अन्मोल आनंदले ESIC पंजीकृत कर्मचारीहरूका लागि मातृत्व लाभबारे बताउनुभयो।

नयाँ दिल्लामा आयोजित दुई दिवसीय ऊर्जा र वातावरण सम्बन्धी राष्ट्रव्यापी कार्यशालामा सिक्किम विधानसभा सदस्यहरू सहभागी

मुख्यमन्त्री प्रेमसिंह तामाङले विशेष दिशा निर्देशनमा सिक्किम विधानसभा सदस्यहरू आदित्य गोले तामाङ, मदन सिन्चुरी, सोनाम छिरिङ वेन्चोङपा, दिले नामग्याल बरफुङपा, ईरूङ तेन्जिङ लेप्चा , कला राई, पामिन लेप्चा र सुदेश कुमार सुब्बा पीआरएस लेजिस्लेटिभ रिसर्च नयाँ दिल्लीद्वारा आयोजित दुई दिवसीय ऊर्जा  र वातावरण सम्बन्धी राष्ट्रव्यापी कार्यशालामा सहभागि भए। यो कार्यशाला आज र भोलि आयोजित भई रहेको छ।

सिक्किम सूचना आयोग द्वारा आयोजित 'सूचना अधिकार सप्ताह 2025' सम्पन्न

सिक्किम सूचना आयोग (एसआईसी) द्वारा आयोजित सूचना अधिकार सप्ताह, 2025 समापन आज चिन्तन भवनमा सम्पन्न भयो।

कार्यक्रममा शिक्षा विभाग, कानून विभाग र खेलकुद तथा युवा मामिला विभागका मन्त्री श्री राजु बस्नेत प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो।

कार्यक्रमलाई सम्बोधन गर्दै श्री बस्नेतले विद्यार्थीहरूलाई उनीहरूको  जागरूकता र सशक्तिकरणको लागि सूचनाको अधिकारको प्रभावकारी प्रयोग गर्न, प्रोत्साहित गर्नुभयो।

हि- याङथाङ वरिष्ठ माध्यमिक विद्यालय गेजिङद्वारा ठूलो अलैंची खेतीमा आदर्श पहल

सिक्किमको जैविक अभियानलाई व्यावहारिक रूपमा अँगाल्दै गेजिङको ही- याङथाङ वरिष्ठ माध्यमिक विद्यालयले यस वर्ष ठूलो अलैंची खेती मार्फत उल्लेखनीय उदाहरण प्रस्तुत गरेको छ। सन् 1941 मा स्थापित, शैक्षिक श्रेत्रमा निरन्तर प्रगति गर्दै आएको यस विद्यालयले अब कृषि र आत्मनिर्भरता शिक्षालाई आफ्नो पाठ्यक्रमको एक आवश्यक भागको रूपमा समावेश गरेको छ। गत वर्ष जैविक बेसार खेतीमा सफलता हासिल गरेपछि विद्यालयले यस वर्ष ठूलो अलैचीको खेतीलाई आफ्नो प्राथमिक परियोजनाको रूपमा सुरू गरेको छ।

प्राचार्य श्री नारायण बस्नेतको नेतृत्वमा, सबै शिक्षक कर्मचारी र विद्यार्थीहरूले, विद्यालय परिसर भित्र जैविक रूपमा अलैंची खेती गर्न एकजुट भएका छन्।

सबिन्द्र राईले भूमि राजस्व तथा आपदा प्रबंधन विभाग अन्तर्गत पाकिम जिल्लाको एडीसीको रूपमा कार्यभार सम्हाल्नुभएको छ।

श्री सबिन्द्र राईले औपचारिक रूपमा भू- राजस्व तथा आपदा प्रबंधन विभाग अन्तर्गत पाकिम जिल्लाको अतिरिक्त जिल्ला कलेक्टर( मुख्यालय) को रूपमा कार्यभार सम्हाल्नुभएको छ।

सिक्किमको सिनियर महिला टोलीले सिनियर महिला टी- 20 ट्रफीमा आफ्नो पहिलो जित दर्ता गर्यो।

सिक्किमको सिनियर महिला टोलीले आज अगरतलामा मिजोरमलाई पराजित गर्दै सिनियर जित दर्ता गर्यो।

हाते स्पिनर प्रणिता छेत्रीले 1.3 ओभरमा तीन रन दिएर दुई विकेट लिइन्। बीसीसीआई सीनियर महिला क्रिकेटमा प्रणिताले आफ्नो पहिलो प्लेयर अफ द म्याच अवार्ड जितिन्।